# सुनवर्षि नगरपालिकाको विनियोजन ऐन

सुनवर्षि नगरपालिकाको आर्थिक वर्ष २०७५/०७६ को सेवा र कार्यहरुको लागि स्थानीय सञ्चित कोषबाट केही रकम खर्च गर्ने र विनियोजन गर्ने सम्बन्धमा व्यवस्था गर्न बनेको ऐन

सभाबाट स्वीकृत मिति .२०७५।०३।१०.

**प्रस्तावना :** सुनवर्षि नगरपालिकाको आर्थिक वर्ष २०७५/०७६ को सेवा र कार्यहरुको लागि स्थानीय सञ्चित कोषबाट केही रकम खर्च गर्ने अधिकार दिन र सो रकम विनियोजन गर्न बाञ्छनीय भएकोले ,

नेपालको संविधानको धारा २२९ को उप धारा (२) बमोजिम सुनवर्षि नगर सभाले यो ऐन बनाएको छ।

१. **संक्षिप्त नाम र प्रारम्भ :** (१) यस ऐनको नाम "सुनवर्षि नगरपालिकाको विनियोजन ऐन २०७५" रहेको छ।

(२) यो ऐन तुरुन्त प्रारम्भ हुनेछ।

**२. आर्थिक वर्ष २०७५।०७६ को निमित्त सञ्चित कोषबाट रकम खर्च गर्ने अधिकार** (१) आर्थिक वर्ष २०७५/२०७६ को निमित्त नगरकार्यपालिका ,वडा समिति , विषयगत शाखाले गर्ने सेवा र कार्यहरुका निमित्त अनुसुची १ मा उल्लिखित चालु खर्च , पुजिगत खर्च र वित्तिय व्यवस्थाको रकम समेत गरी जम्मा रकम रु..४४७५००००।००. (अक्षरेपी .चौवालिस करोड सठ्चालिस लाख पचास हजार.रुपैया मात्र ) मा नबढाई नर्दिष्ट गरिए बमोजिम सञ्चित कोषबाट खर्च गर्न सकिनेछ।

**३. विनियोजन** : (१) यस ऐन द्वारा सञ्चित कोषबाट खर्च गर्न अधिकार दिइएको रकम आर्थिक वर्ष २०७५ को निमित्त सुनवर्षि नगरपालिकाको नगर कार्यपालिका,वडा समिति र विषयगत शाखाले गर्ने सेवा र कार्यहरुको निमित्त विनियोजन गरिनेछ।

(२) उपदफा (१) मा जुन सुकै कुरा लेखिएको भए ता पनि कार्यपालिका,वडा समिति र विषयगत शाखाले गर्ने सेवा र कार्यहरुको निमित्त विनियोजन गरेको रकम मध्ये कुनैमा बचत हुने र कुनैमा अपुग हुने देखिन आएमा नगर कार्यपालिकाले बचत हुने शिर्षक बाट नपुग हुने शीर्षकमा रकम सार्न सक्ने छ ।यसरी रकम सार्दा एक शीर्षक बाट शीर्षकको जम्मा रकमको २५ प्रतिशतमा नबढ्ने गरी कुनै एक वा एक भन्दा बढी शीर्षकहरुबाट अर्को एक वा एक भन्दा बढी शीर्षकहरुमा रकम सार्न तथा निकासा र खर्च जनाउन सकिनेछ। पुँजिगत खर्च र वित्तिय व्यवस्था तर्फ विनियोजित रकम साँवा भुक्तानी खर्च र व्याज भुक्तानी खर्च शीर्षकमा बाहेक अन्य चालु खर्च शीर्षक तर्फ सार्न र वित्तिय व्यवस्था अन्तर्गत साँवा भुक्तानी खर्च तर्फ विनियोजित रकम व्याज भुक्तानी खर्च शीर्षकमा बाहेक अन्यत्र सार्न सकिने छैन।

तर चालु तथा पुँजिगत खर्च र वित्तिय व्यवस्थाको खर्च व्यहोर्न एक श्रोत बाट अर्को स्रोतमा रकम सार्न सकिनेछ।

(३) उपदफा (२) मा जुन सुकै कुरा लेखिएको भए तापनि एक शीर्षकबाट सो शीर्षकको जम्मा स्वीकृत रकमको २५ प्रतिशत भन्दा बढ्ने गरी कुनै एक वा एक भन्दा बढी शीर्षकहरुमा रकम सार्न परेमा नगर सभाको स्वीकृति लिनु पर्नेछ।